

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ १६ गते बुधबार ❑ 29 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## आगामी आर्थिक वर्षका लागि १८ खर्ब ६० अर्बको बजेट

**रासस**
काठमाडौं, १५ जेठ

सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि रु १८ खर्ब ६० अर्ब ३० करोड बराबरको बजेट ल्याएको छ।



अर्थमन्त्री वर्षमान पुनले मंगलबार संसद्मा बजेट वक्तव्य प्रस्तुत गर्दै कूल विनियोजनमध्ये चालुतर्फ रु ११ खर्ब ४० अर्ब ६६ करोड अर्थात् ६१ दशमलव ३१ प्रतिशत पुँजीगततर्फ रु तीन खर्ब ५२ अर्ब ३५ करोड अर्थात् कूल विनियोजनको १८ दशमलव ९४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु तीन खर्ब ६७ अर्ब २८ करोड अर्थात् १९ दशमलव ७४ प्रतिशत बजेट विनियोजन गरिएको छ । यो खर्च अनुमान चालु आवको विनियोजनको तुलनामा छ दशमलव दुई प्रतिशतले बढी र संशोधित अनुमानको तुलनामा २१ दशमलव ५६ प्रतिशतले बढी हो । कूल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु चार खर्ब आठ अर्ब ८७ करोड विनियोजन गरिएको छ । आगामी आवका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये राजस्वबाट रु १२ खर्ब ६० अर्ब ३० करोड र वैदेशिक अनुदानबाट रु ५२ अर्ब ३३ करोड व्यहोरिने छ र बाँकी वैदेशिक ऋणबाट रु दुई खर्ब १७ अर्ब ६७ करोड र आन्तरिक ऋणबाट रु तीन खर्ब ३० अर्ब आन्तरिक ऋणबाट व्यहोरिने छ।

## सहकारीसम्बन्धी संसदीय छानबिन समिति गठन

**रासस**
काठमाडौं, १५ जेठ

प्रतिनिधिसभाको आजको बैठकमा सहकारीका क्षेत्रमा देखिएको समस्याका सम्बन्धमा संसदीय छानबिन विशेष समिति गठन गरिएको छ।

सहकारी संस्था बचत रकम दुरुपयोग गर्न संसदीय छानबिन विशेष समिति गठनका लागि प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसलगायत दलले माग गर्दै आएका थिए । प्रमुख दलहरूबीचको सहमतिका आधारमा ल्याइएको उक्त समितिको कार्यादेशसहितको प्रस्तावलाई सभाका सभामुख देवराज घिमिरेले प्रस्तुत गर्दा बैठकले सहमति दिएको थियो ।

समितिको सभापतिमा नेकपा (एमाले) सूर्यबहादुर क्षेत्री, सदस्यमा नेपाली कांग्रेसका ईश्वरी न्यौपाने, राष्ट्रिय प्रजातन्त्र पार्टीका ध्रुवबहादुर प्रधान, कांग्रेसका बद्रीप्रसाद पाण्डे, नेकपा (माओवादी केन्द्र) का लेखनाथ दाहाल, राष्ट्रिय स्वतन्त्र पार्टीका शिशिर खनाल र एमालेका सरिता भुसाल रहनुभएको छ ।

समितिले सहकारी संस्थामा देखिएको सङ्कट, कानुनी समस्या, नियमन र सुपरीक्षेण, पारदर्शिता र समस्याग्रस्त सहकारीका जोखिममा रहेकाको बचत सुरक्षा र फिर्ताको प्रक्रियाको अध्ययन र विश्लेषण गरी सिफारिस गर्नेछ । यस्तै सहकारीको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन, हानी नोक्सानी, संसद्मा विषय उठेका, गोर्खा मिडिया नेटवर्क प्रालिलगायतमा प्रवाह भएको रकम र त्यसमा सम्लग्न व्यक्तिका सम्बन्धमा छानबिन गरी कारबाहीको सिफारिस गर्ने र छानबिन हुनुपर्ने विभिन्न सहकारीको नाम कार्यादेशको अनुसूचीमा राखिएको छ । समितिको कार्यावधि तीन महिनाको हुनेछ।

## स्वदेशी उत्पादन, रोजगार र पूँजी निर्माणका लागि विकासको साझेदारका रुपमा अघि बढाउन माग

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

ज्ञान, सिप भएका सामाजिक संघ संस्थाहरुलाई स्वदेशी उत्पादन, रोजगार र पूँजी निर्माणका लागि विकासको साझेदारका रुपमा जोड्न माग गरिएको छ।




गैरसरकारी संस्था महासंघ नेपाल गण्डकी प्रदेशले यही जेठ ११ र १२ गते पोखरामा आयोजना गरेको प्रदेश स्तरिय नागरिक सम्मेलनको नागरिक घोषणापत्र २०८१, पोखराको आज (मंगलबार) पोखरामा सार्वजनिक गर्दै महासंघले उक्त माग सहित २१ बुंदे घोषणा पत्र जारी गरेको हो ।

सामाजिक विकास, उद्यमशिलता र सामाजिक परिचालनमा लामो कार्यअनुभव, ज्ञान, सिप भएका सामाजिक संघसंस्थाहरुलाई स्वदेशी उत्पादन, रोजगार र पूँजी निर्माणका लागि कानून मार्फत सामाजिक उद्यमशिलता गर्ने वातावरण सृजना गरि समृद्ध नेपाल सुखी नेपाली अभियानमा संघ सस्थाहरुलाई विकासको साझेदारका रुपमा जोड्न जोडदार माग गरिएको महासंघ गण्डकीका अध्यक्ष गोपाल खड्काले बताए । मानवअधिकारको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न मानवअधिकार मैत्री कानुनहरु निर्माण गरी नागरिकका आधारभूत अधिकार भित्र पर्ने शिक्षा र स्वास्थ्य क्षेत्रलाई राज्यले पूर्ण जिम्मेवारी लिनुपर्ने तथा शिक्षालाई अनिवार्य र निःशुल्क गर्ने र स्वास्थ्य उपचार पूर्ण निःशुल्क गर्न लगानी बढाउन माग गरिएको छ । नागरिकको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पार्ने दैनिक उपभोग्य तथा खाद्य सामाग्रीहरुको बजार भाऊ अस्वभाविक रुपमा बढेको, गुणस्तर कायम नभएको, अनुगमन नभएकोले तीन तहका सरकारको गम्भीर ध्यानाकर्षण गराउदै तत्काल बजार भाऊ नियन्त्रण, अखाद्य पदार्थ रहित गुणस्तरीय बस्तुको उपभोग गर्न र पोषणको अधिकारको सुनिश्चित गर्न माग गरिएको छ । गाउँमा रहेका उर्वर जग्गा बाँझो हुदै गएको, स्थानिय रैथाने बालीनालीको लोप हुँदै गएको, उत्पादन र उत्पादकत्व घट्दै गएको र दैनिक उपभोग्य वस्तु आयात दिन प्रतिदिन बढ्दै गएको अबस्थामा यहाँका युवाहरु विदेश पलायन हुदा गाउँमा जेष्ठ नागरिकहरुले लगाएको खेतीपाती जंगली जनावरले नष्ट गरी उत्पादन लिन नसक्ने अवस्थामा पुगेकोले विकराल अवस्थालाई मध्यनजर गरी किसानमैत्री नीति तथा कार्यक्रम तर्जुमा गर्न तीन वटै सरकारसँग जोडदार माग गरिएको महासंघका सचिव शिवप्रसाद शर्माले बताए । उनका अनुसार लोकतान्त्रीक गणतन्त्र स्थापना भईसक्दा पनि रोजगारीका अवसर प्राप्त नहुँदा अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरहरुको सामाजिक सुरक्षा समेत हुन नसक्दा मजदुर वर्गमा निराशा बढ्नुका साथै विदेशमा पलायन हुन थालेकोले युवा जनशक्तिलाई देशमा नै उद्यमशिलताको र रोजगारको ग्यारेन्टी गर्न जोडदार माग गरिएको छ । आफुहरुले उक्त घोषणा पत्रमा अधिकांश मागहरु रहेकोले गण्डकी प्रदेशका मन्त्रालयहरु देखि सबै पार्टीका राजनीतिक दलहरुलाई समेत पेश गर्ने भएको अध्यक्ष खड्काले जनाए । कोभिडको कारण अन्तराष्ट्रिय विभिन्न दातृनिकायका संघ संस्थाहरुको सहयोग आउने क्रम निकै कम भएको पहिला संचालन भएका धेरै संघ संस्थाहरु हाल बन्द भएको अबस्थामा पुगेको अध्यक्ष खड्काले बताए ।

यसैबिच गण्डकी प्रदेश स्तरिय महिला सम्मेलनको घोषणा पत्र समेत जारी गरिएको महिला मानव अधिकार रक्षक सञ्जाल कास्कीका अध्यक्ष केशु भुजेलले बताइन् । यही जेठ १२ गते पोखरामा सम्पन्न भएको उक्त सम्मेलनबाट ५ बुंदे घोषणा पत्र जारि भएको हो । सहभागिता र प्रतिनिधित्वको कुरा गर्दा तिनै तहको सरकार, नागरिक संगठन, निजि क्षेत्र, राजनितिक दल, संघसंस्थामा समेत महिलाको कम्तिमा ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्दै ५१ प्रतिशतसम्म पुर्‍याउनुपर्ने माग गरिएको उनले जनाए । महिला बिरुद्धको हिंसा महिलाको जन्मघरमा नै बंश र अंशको अधिकारको सुनिश्चितता गर्नुपर्ने, बढ्दै गैरहेको महिला हिंसा र बलात्कार नियन्त्रणका लागि प्रभावकारी दीर्घकालिन नीति तथा कार्ययोजना बनाइ कार्यान्वयनमा ल्याउन जोडदार माग गरिएको महिला तथा समावेशी विभाग, गैसस महासंघ नेपालकी संयोजक विना शिलवालले बताइन् ।

सरकारी गैरसरकारी तथा निजी क्षेत्रद्धारा निर्माण गरिएका सरचनाहरुको अनुगमन गरि महिला मैत्री, अपांगता मैत्री तथा जेष्ठ नागरिक मैत्री संरचनाहरुको सुनिश्चितताका लागि पहल गर्न माग गरिएको छ । नीति नियम निर्माणमा महिलाको सहभागिता अति नै न्यून रहेको हुँदा नीति निर्माण तहमा अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्न घोषणा पत्रमा उल्लेख गरिएको छ । आर्थिक सहभागिता र सशक्तिकरणःमा महिलाहरुलाई रोजगारी तथा अध्ययनको लागि ४५ प्रतिशत आरक्षणको प्रावधान सुनिश्चितता गर्न उक्त घोषणा पत्रमा माग गरिएको छ । साथै समान कामका लागि समान ज्यालाको सुनिश्चितता गर्न, महिलाहरुद्वारा संचालित, उद्योग, व्यवसाय तथा संस्थाहरु संचालनमा उपर्युक्त अनुदान सहितको सहयोग प्रदान गर्न माग गरिएको छ ।

## कामबाटै जवाफ दिएर प्रदेशको औचित्य पुष्टि गरौं : खगराज अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

सर्वोच्च अदालतको परमादेशबाट पदमुक्त हुनुभएका गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले प्रदेशको बारेमा आलोचना गर्नेहरूलाई कामबाटै जवाफ दिन आग्रह गर्नुभएको छ।



सत्रौं गणतन्त्र दिवसका अवसरमा गण्डकी प्रदेश सरकारले मंगलबार पोखरामा आयोजना गरेको मुल समारोहमा बोल्दै प्रदेश स्थापना पश्चात गण्डकी प्रदेशमा उर्जा, खानेपानी, सञ्चार, कृषि पर्यटन लगायतका क्षेत्रमा जनताले महशुस गर्नेगरी सकारात्मक परिवर्तन आएको दावी गर्नुभयो । प्राप्त उपलब्धिबाट पूर्ण सन्तुष्ट हुने अवस्थानभएपनि जनताबाटआएको टिप्पणीलाई ध्यान दिँदै अगाडि बढ्नुपर्ने बताउनुभयो ।

'हामी गर्न सक्छौं, आँटौ, गम्भिरतापूर्वक अगाडि बढौं, हामीले नबनाए कस्ले बनाउँछ? अहिले नबने कहिले बन्छ? यो आँट र जोसका साथ अनैकौं टिप्पणीलाई सम्मान गर्दै कामबाटै जवाफ दिएर प्रदेशको औचित्य पुष्टि गरौं' उहाँको आग्रह थियो ।

गण्डकी प्रदेश सुसाशन र पुँजीगत खर्च बढाउन अगाडि रहेको र सार्मथ्यमा पनि विस्तारै अगाडि बढेको सुनाउनुभयो ।

अर्को प्रसंगमा अदालतको एउटा बेन्चले गरेको निर्णय अर्को बेन्चले खण्डन गर्दा फुल बेन्च आवश्यक पर्ने भन्दै सर्वोच्चको सोमबारको आदेशप्रति गुनासो गर्नुभयो । 'हिजो डिभिजन बेन्चले नै मलाई वैध बनाएको हो, यो, नियुक्ति ठिक छ भन्यो । अहिले त्यो बेलाको खण्डन गर्न अदालतको प्रक्रियामा पनि फुल बेन्च आवश्यक छ भन्ने मैले बुझेको हो । व्याख्या गर्नेले त्यसलाई खण्डन गर्न अर्को फुलकोर्ट पनि चाहिनुपर्ने हो, कि मैले बुझिन, बुझ्ने कोसिस गर्ने छु, अदालतप्रति मेरो उच्च सम्मान छ ।' उहाँले भन्नुभयो । प्रदेशसभामा अहिलेपनि ३१ जनाको साथ आफूलाई भएकाले आफ्नो पक्षमा स्पष्ट बहुमत भएको जीकिर गर्नुभयो । आफूले संविधानलाई साधक बनाउनुपर्छ, बाधक बनाउनुहुन्न भन्दै आएको उहाँले बताउनुभयो । 'निर्णायक मत बराबर भएको बेलामा मात्र प्रयोग गर्ने हो । ६० जना भएको ठाउँमा बराबर हुँदैन भन्ने दुनियाले बुझेको छ' उहाँले भन्नुभयो । यसको लागि संवैधानिक व्याख्या आवश्यक पर्ने उहाँको भनाई थियो । अधिकारीले सर्वोच्चको परमादेश आउनेविक्तिकैदेखि मुख्यमन्त्रीले प्रयोग गर्ने गाडी नचढेको बताउनुभयो । 'नियममा सपथ गर्ने र हस्तान्तरण गर्ने हो, तर म त्यसभन्दा पहिल्यै नै सचेत छु' उहाँले प्रष्ट पार्नुभयो । कार्यक्रम स्थलमा पैदल आउनुभएका उहाँ पैदल नै फर्कनुभएको थियो । गणतन्त्रमा स्वच्छ छवी अर्को आवश्यकता हुने भन्दै पूर्व मुख्यमन्त्रीको हैसियतले दबाब नदिने तथा आफूलाई तोकिएको बाहेक अरु गाडी नचढ्ने प्रतिवद्धता उहाँले जनाउनुभयो । सरकार बाहिर रहँदा आवेग उत्तेजनामा नजाने तर अनुचित कुरा स्विकार नगर्ने खुलाउनुभयो । 'हामी कुनै प्रतिक्रिया, आवेग, उत्तेजनामा जाँदैनौ । यो प्रदेश प्रतिको जिम्मेवारी हामीमा छ । हामी कहींपनि बहिष्कार गर्दैनौ । अनुचित कुरा स्विकार पनि गर्दैनौं । कुर्सी खाली गर्नूपरेको अवस्थामा गम्भिरतापूर्वक तीनपटक सोच्छौं 'उहाँले भन्नुभयो । गण्डकी प्रदेशका प्रदेशप्रमुख डिल्लीराज भट्टको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा, गण्डकी प्रदेशका सभामुख कृष्णप्रसाद धिताल, गण्डकी प्रदेशका प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेत, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव यमुना प्रधान लगायतले गणतन्त्र दिवसको सन्दर्भमा बोल्नुभएको थियो । औपचारिक कार्यक्रम सुरु हुनु अगाडि सहिदचोकबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसम्म प्रभातफेरि कार्यक्रम समेत आयोजना गरिएको थियो । कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानले सांस्कृतिक प्रस्तुती राखेको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रदेश स्तरीय संयुक्त राष्ट्रसंघको नमुना महासभा २०२४

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ



पोखराको लेकसाइड होटल पौवामा आइतबार युथ थिङ्कर्स सोसाइटी पोखराले गरेको गण्डकी प्रदेश स्तरिय संयुक्त राष्ट्रसंघको नमुना महासभा सम्पन्न भएको छ।

विश्व पारिस्थितिकी तंत्र र जैविक विविधतामा विश्वव्यापी वन डढेलोको बढ्दो खतरालाई सम्बोधन र विकासशील राष्ट्रहरूमा वित्तीय समावेशीकरणको लागि फिनटेक र डिजिटल वित्त प्रवर्द्धन सम्बन्धमा बहस भएको छ । गण्डकी प्रदेशको विभिन्न ११ जिल्लाबाट आएका युवा प्रतिनिधि बहसमा सहभागी भएका थिए। युथ थिङ्कर्स सोसाइटी पोखराले राष्ट्रसंघको नमुना महासभा आयोजना गरेर बहस गराएको थियो जसमा सहभागी प्रतिनिधिले विभिन्न देशको प्रतिनिधित्वको अभ्यास गरेका थिए । महासभामा डेलिगेटहरु आफ्नो देशका समस्यामा केन्द्रित भएका थिए । शुक्रबार जेष्ठ ११ बाट सुरु भएको नमुना महासभा जेठ १३ गतेसम्म चलेको थियो ।

महासभामा सबै सहभागी गरी ५० जना युवा सहभागीहरु थिए। उद्धाटन समारोहमा प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्यमन्त्री मा. खगराज अधिकारी र विशिष्ट अतिथि गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्री मा. सीता कुमारी सुन्दास हुनुहुन्थ्यो ।

नमुना महासभामा विश्वव्यापी समस्याहरूको सम्भावित समाधानका उपाय पनि प्रस्तुत भएको थियो । विशेष विशेषज्ञ विषय सत्रमा विश्व पारिस्थितिकी तंत्र र जैविक विविधतामा विश्वव्यापी वनडढेलोको बढ्दो खतरालाई सम्बोधन गर्न गण्डकी प्रदेश वन मन्त्रालयका उप-सचिव मेघराज पौडल हुनुहुन्थ्यो भने विकासशील राष्ट्रहरूमा वित्तीय समावेशीकरणको लागि फिनटेक र डिजिटल वित्त प्रवर्द्धन सम्बन्धमा पोखरा विश्व विद्यालयका सहायक प्राध्यापक उज्वल अधिकारी हुनुहुन्थ्यो । उक्त आभ्यसमा विषय वस्तुमा केन्द्रित भएर भोटिङ गर्दा नीतिगत, कुटनीति, अन्तराष्ट्रिय सम्बन्धलाई मध्यनजर गर्नुपर्ने उल्लेख थियो ।

युथ थिङ्कर्स सोसाइटी पोखराका अध्यक्ष दिपा अधिकारीले डेलिगेटहरुलाई सौहार्द्रपूर्ण वातावरणमा कार्यक्रममा सहभागी हुन अनुरोध गर्नुभएको थियो । अधिकारीको नेतृत्वमा गण्डकी प्रदेश स्तरिय संयुक्त राष्ट्रसंघको नमुना महासभा सु-सम्पन्न भएको हो । उनले नमुना सभा एउटा सिकाइ भएकाले यसको भरपुर प्रयोग गर्न अनुरोधसमेत गर्नु भयो ।

समापन समारोहमा प्रमुख अतिथि गण्डकी प्रदेश नीति तथा योजना आयोगका मा. उपाध्यक्ष डा. श्रीकान्त शर्मा खतिवडा हुनुहुन्थ्यो । उहाँले युवाहरुलाई प्रोत्साहन गर्न यस खाले कार्यक्रमको भूमिका हुने बताउनु भयो । पोखरा संयुक्त राष्ट्रसंघको नमुना महासभा भव्यताका साथ समापन भयो ।

# सिक्लेसमा कर्मचारी युनियन र (नेल्टा) कास्कीको पशु स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ



नेपाल निजामती कर्मचारी युनियन कास्की र नेपाल पशु स्वास्थ्य सेवा प्राविधिक संघ( नेल्टा) कास्कीको संयुक्त आयोजनामा पशु स्वास्थ्य शिविर तथा निशुल्क औषधी वितरण मादी गाउँपालिका वडा नं १ सिक्लेस कास्कीमा सम्पन्न गरेको छ।

मंगलबार गणतन्त्र दिवसको अवसर पारेर संचालन गरिएको सो कार्यक्रममा सिक्लेसमा रहेका करिब २ सय जना किसानका २ हजार पशुपन्छीलाई २ लाख बराबरको औषधी निशुल्क वितरण गरिएको नेपाल निजामती कर्मचारी युनियन कास्कीका अध्यक्ष सुरेश कुमार श्रेष्ठले जानकारी दिनुभयो । कार्यक्रममा बोल्दै नेपाली काँग्रेस कास्कीका सभापति किशोदत्त बरालले किसानका लागि यस्ता कार्यक्रम निकै प्रभावकारी हुने गरेको बताउनुभयो । उहाँले किसानका निम्ति कृषि र पशुधनको व्यवसायीक फार्मिङका लागि काम गर्न आवश्यक रहेको बताउनुभयो । कास्कीमा रहेका किसानहरुको आवश्यकतालाई मध्यनजर गर्दै यस खालका कार्यक्रमहरु संचालन गर्दै आएको नेल्टा कास्कीका अध्यक्ष बसन्तराजकोइरालालेबताउनुभयो। भावीदिनमा समेत किसानहरुको स्तरन्नोती हुने कार्यक्रम ल्याउने उहाँको प्रतिबद्धता थियो ।

कार्यक्रममा नेपाली काँग्रेस गण्डकी प्रदेशका सदस्य एवं प्रचारप्रसार प्रमुख रमेश पौडेल, नेपाली काँग्रेस कास्कीका उपसभापति युवराज कुवँर, सचिव देवेन्द्र रानाभाट, सहसचिवद्बय नविन सिग्देल र शंकर ढुंगाना, सदस्य सुरेन्द्र ढुंगाना लगायत निजामति युनियन कास्की र नेल्टा कास्कीका कर्मचारीहरु एवं सिक्लेसका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । नेपाल निजामती कर्मचारी युनियन कास्कीका अध्यक्ष श्रेष्ठको अध्यक्षतामा भएको सो कार्यक्रममा धन्यवाद मन्तव्य युनियन कास्कीका सचिव सुमन शर्माले गर्नुभएको थियो ।

# बिरुवामा नेपाली सेनाको नि:शुल्क स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ

ग्रामिण क्षेत्रका जनताको स्वास्थ्य परिक्षण गर्ने उदेश्यले नेपाली सेनाले दुईदिने निःशुल्क स्वास्थ्य शिविर आयोजना गर्ने भएको छ। सिंह शार्दुल गुल्म आँधीखोला व्यारेक स्याङ्जाको आयोजनामा दुईदिने निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिने भएको हो ।

स्वास्थ्य कार्यालय स्याङ्जा, जिल्ला अस्पताल, भीरकोट स्वास्थ्य चौकी र बिरुवा गाउँपालिकाको सहयोगमा स्वास्थ्य शिविर सम्पन्न हुने आँधीखोला व्यारेकले जनाएको छ । बिरुवा गाउँपालिकाको ८ नम्वर वडा स्थित मेथाभुरुङ भीरकोट स्वास्थ्य चौकीमा जेठ १६ र १७ गते स्वास्थ्य शिविर आयोजना गरिएको आँधीखोला व्यारेकका गुल्मपति पुरुषोत्तम कार्कीले जानकारी दिए । शिविरमा छाला तथा यौन रोग, पेट, छाती तथा मुटु रोग, हाडजोर्नी तथा नशा रोग, नाक, कान, घाटी, स्त्री रोग तथा प्रसुती सेवा, दन्त चिकित्सक सेवा सहित बिशेषज्ञ चिकित्सकबाट बाल रोग, भिडियो एक्सरे लगायतका सेवा उपलब्ध हुने गुल्मपति कार्कीले बताए । नेपाली सेनाले आयोजना गरेको स्वास्थ्य शिविरमा स्वास्थ्य परिक्षण गराई लाभ लिन गुल्मपति कार्कीले सबैमा आग्रह गरेका छन् । झण्डै ६ सय जनालाई यो सेवा पुऱ्याउने लक्ष्य सेनाले लिएको छ ।

यसभन्दा अगाडी स्याङ्जाको आँधीखोला व्यारेकमा रहेको शमरजित गुल्म सरेपछि सिंह शार्दुल गुल्म स्याङ्जा आएको हो । स्याङ्जा आएको झण्डै एकमहिनामा गुल्मले ग्रामिण क्षेत्रमा पुगेर नागरिकको स्वास्थ्य परिक्षण गर्ने सामाजिक उत्तरदायीत्वमा लागेको छ ।

# पेट्रोल र डिजेलमा प्रतिलिटर एकका दरले हरित कर लाग्ने

**रासस**
काठमाडौं, १५ जेठ

सरकारले पेट्रोलियम पदार्थ, कोइलालगायतका सामग्रीमा हरित कर लगाएको छ । अर्थमन्त्री वर्षमान पुनद्वारा आज सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत आर्थिक विधेयक-२०८१ मा पेट्रोल, डिजेलमा प्रतिलिटर रु एकका दरले हरित कर लगाउने उल्लेख छ । जैविक इन्धनको प्रयोगलाई न्यूनीकरण गर्ने लक्ष्यका साथ उक्त कर लगाउने प्रस्ताव गरिएको जनाइएको छ । यो करसँगै पेट्रोलियम पदार्थको मूल्यमा चाप पर्नेछ ।

यस्तै फर्नेस आयल, बेस आयलमा शून्य दशमलव पाँच प्रतिशत र लुब्रिकेन्ट आयलमा एक प्रतिशत बराबर हरित कर लाग्ने छ । पेट्रोलियम तेल र बिटुमिनयुक्त खनिजबाट प्राप्त तेल, ७० प्रतिशत वा सोभन्दा बढी पेट्रोलियम तेलमा पनि एक प्रतिशत कर लाग्ने विधेयकमा उल्लेख छ ।

# तनहुँमा विकास बजेटको खर्च कमजोर

**पोखरापत्र संवाददाता**
तनहुँ, १५ जेठ

तनहुँमा चालु आर्थिक वर्षको दश महिनाको अवधिमा विकास बजेटको खर्च अवस्था कमजोर देखिएको छ । सङ्घीय तथा प्रदेश सरकारमार्फत् जिल्लाका लागि विनियोजित विकास बजेटको खर्च अवस्था निराशाजनक देखिएको हो ।

चालु आर्थिक वर्ष २०८०/८१ का लागि सङ्घीय सरकारबाट विनियोजित बजेटमध्ये वैशाखसम्म ४३ प्रतिशतमात्रै खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय तनहुँले जनाएको छ ।

उक्त आर्थिक वर्षका लागि जिल्लामा रु तीन अर्ब ७९ करोड एक लाख ४० हजार आठ सय २९ विनियोजन भएकामा रु एक अर्ब ६० करोड ३१ लाख ७२ हजार ७८ खर्च भएको प्रमुख कोष नियन्त्रक विनोद भट्टराईले जानकारी दिनुभयो । योजना छनोट गरेर लागू गरेपछि बोलपत्र प्रक्रिया हुने, बोलपत्र प्रक्रिया पूरा भएर काम सुरु गर्दा सुरुका केही महिनामा काम ढिला हुने गरेकाले सुरुका महिनामा कम खर्च देखिने उहाँको भनाइ छ । अन्य महिनामा भन्दा आर्थिक वर्षको अन्तिम असार महिनामा धेरै बजेट खर्च हुने गरेको छ । चालुतर्फ भने सोही अवधिमा ८० प्रतिशत रकम खर्च भएको छ । चालुतर्फ रु नौ अर्ब चार करोड ६९ लाख ८० हजार नौ सय विनियोजन भएकामा रु सात अर्ब ३१ करोड नौ लाख नौ हजार नौ सय ७५ खर्च भएको कार्यालयले जनाएको छ । गण्डकी प्रदेश सरकारमार्फत् जिल्लाका लागि रु दुई अर्ब ५१ करोड २८ लाख ६० हजार विनियोजन भएकामा यस अवधिमा रु एक अर्ब १५ करोड ६१ लाख ४० हजार खर्च भएको छ । विकास बजेटतर्फ यस अवधिमा ४६ प्रतिशत रकम खर्च भएको कार्यालयले जनाएको छ । चालतुर्फ भने रु ८६ करोड ५८ लाख २९ हजार पाँच सय ८० विनियोजन भएकामा रु ४२ करोड ६७ लाख आठ हजार १३ खर्च भएको छ ।

तनहुँमा करिब एक चौथाइ विकास बजेट अन्तिम असार महिनामा मात्रै खर्च हुने गरेको विगतको तथ्याङ्कले देखाएको छ। गत आर्थिक वर्ष २०७९/८० को असार महिनामा मात्रै सङ्घ र प्रदेश सरकारबाट पुँजीगततर्फ विनियोजित बजेटमध्ये २२ दशमलब ३९ प्रतिशत बजेट खर्च भएको थियो । यसैबीच तनहुँको व्यास नगरपालिका-५ चापाघाटस्थित नेपाली सेनाको कालीभञ्जन गणले ऐतिहासिक तनहुँसुर दरबार परिसर सरसफाइ गरेको छ । गणतन्त्र दिवसको अवसर पारेर गणले मंगलबार व्यास -११ स्थित तनहुँसुर दरबार परिसरमा सरसफाइ गरेको हो ।


सेनाको टोलीले दरबार, खड्गकाली मन्दिर आसपास सरसफाइ गरेको गणका सेनानी कुसुम पहारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “तनहुँसुर ऐतिहासिक तथा पर्यटकीयस्थल हो । यसको सुन्दरतालाई कायम राख्नका लागि सेनाको टोलीले सरसफाइ गरेको हो ।”तनहुँसुर सेन वंशीय राजाले राज्य सञ्चालन गरेको ठाउँ हो । तनहुँ जिल्लाको नाम तनहुँसुरवाट अप्रभंस भएर रहेको भन्ने किम्बदन्ती छ । पाल्पाका राजा मणिमुकुन्द सेनले आफ्ना जेठा छोरा भृङ्गीसेनलाई सन् १६१० मा तनहुँमा राज्य सञ्चालन गर्न पठाएको र उनी पछिका ८ सेनवंशी राजाले दुई सय ३० वर्ष तनहुँसुरबाट राज्य सञ्चालन गरेको इतिहास रहेको छ। तनहुँसुर दरबारका अवशेष, राजपरिवारले प्रयोग गरेका किल्ला र गढी, धारा, तोप तथा अन्य हातहतियार, बारुदीखाना, राजाले न्याय निसाफ तथा कचहरी सञ्चालन गर्ने गद्दीचौतारा, साउने कुवा, कुँडापानी, बाइससिँढी चौतारी, ढुङ्गेसाँगु, फूलपाती ढुङ्गा, रानीपोखरी, धर्मशाला, रानीबगैँचा, भगवतीपानी मन्दिर यहाँका पर्यटकीय सम्पदा हुन् ।

नि:शुल्क कानुनी सहायता लिऔं

- नि:शुल्क कानूनी सहायता भनेको असमर्थ व्यक्तिलाई सरकारको तर्फबाट दिइने कानूनी राय सल्लाह तथा त्यस्तो व्यक्तिको तर्फबाट अड्डा अदालतहरुमा गरिने बहस पैरवी, लेखापढी तथा कानूनी कारबाहीका सम्बन्धमा उपलब्ध हुने अन्य सेवासमेत हो ।
- वार्षिक ४० हजार रुपैंया वा सोभन्दा कम आय हुने व्यक्ति वा लैंगिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराइन्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश, पोखरा
फोन नं. ०६१-४६७७३२/४६७७३३

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोंपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।

– सास लिभोसन

## सम्पादकीय

# संसदीय छानबिन समितिमा सहमति

देशभरका सहकारीहरूको समस्याबारे संसदीय छानबिन समिति बनाउन दलहरूले सहमति गरेका छन् । ७ सदस्यीय संसदीय छानबिन समितिमा कांग्रेसका सांसदहरू बद्री पाण्डे र ईश्वरीदेवी न्यौपाने, सत्तारूढ नेकपा (एमाले) बाट सांसदहरू सूर्य थापा र सरिता भुसाल, नेकपा (माओवादी केन्द्र) बाट लेखनाथ दाहाल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट शिशिर खनाल र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ध्रुवबहादुर प्रधान सदस्य रहेका छन् । समितिलाई तीन महिनाको कार्यावधि दिइएको छ ।

सोमबार बेलुका साढे तीन घण्टा प्रधानमन्त्रीको रोहबरमा बालुवाटारमा बसेको कार्यदलको बैठकले समझदारी जुटाएको टीओआरलाई मंगलबार बैठक बसेर अन्तिम रुप दिइएको हो । टीओआरमा सहमति जुटेसँगै संसदको गतिरोध अन्त्य भएको छ । संसदीय समितिको क्षेत्राधिकारका विषयमा नेपाली कांग्रेसले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति समेत रहेका उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको नाम राखेर उनीमाथि छानबिन गर्नुपर्ने अडान राख्दा कार्यदलले सहमति जुटाउन सकेको थिएन ।

नेपाली काङ्गेसका सभापति शेर बहादुर देउवालाई अप्ठ्यारोमा पार्न महामन्त्री गगन थापाले सहमतिमा पुग्न नदिने प्रयास गरेका हुन । देउवाले लचिलोपन देखाएका कारण सहमति जुट्न सकेको हो । 'कम्तीमा ९-१० पटक ड्राफ्ट लेखिएको थियो,' ती सहभागीले भने, 'लेख्यो देखायो, कहिले रास्वपा मान्दैन, फेरि अर्को प्रस्ताव ल्यायो, अनि कांग्रेस मान्दैन । हुँदाहुँदा सत्तापक्षकै साथीहरुले पनि मान्न नसक्ने भन्नुपरेको थियो ।' 'केरमेर पनि गरियो कतिपय कुरा त,' उनले थपे, 'वल्लो कोठामा साथीहरु जानुभयो, कता कता फोन लगाउनुभयो, फेरि छलफलमा पनि बस्नुभयो ।' बुटवलको सुप्रिम सहकारी, पोखराको सूर्यदर्शन सहकारीबाट गोरखा मिडिया रुपमा पैसा गएको र रकम अपचलन भएको भन्दै नेपाली कांग्रेसले फागुनको अन्तिम सातादेखि गृहमन्त्री रविको राजीनामा माग गर्दै लगातार संसदमा अवरोध गरिरहेको थियो ।

जेठ ५ गते संसदीय छानबिन समितिको क्षेत्राधिकार तोक्नका लागि कानुनमन्त्री पदम गिरीको संयोजकत्वमा कांग्रेस सहमहामन्त्री जीवन परियार, एमाले प्रमुख सचेतक महेश बर्तौला र रास्वपा सांसद शिशिर खनाल सम्मिलित कार्यदल बनाइएको थियो । कार्यदलले मंगलबार (जेठ १५) मा ४ बुँदे क्षेत्राधिकारमा सहमति जुटाएर प्रधानमन्त्री प्रचण्डलाइ बुझाएको छ । जसअनुसार सहकारी संस्थाहरूमा देखिएको सङ्कट तथा यससँग जोडिएको कानुनी र संस्थागत प्रयोजन एवं वित्तीय प्रणालीको नियमन, सुपरीवेक्षण र पारदर्शिता सम्बन्धमा अध्ययन गरी सुझाव दिने कुरा पहिलो बुँदामा लेखिएको छ । समस्यामा परेका सहकारी संस्थाका बचतकर्ताको बचत रकमको सुरक्षा गर्न, जोखिममा रहेको तथा दुरुपयोग भएको बचत रकम छिटो र सहज ढङ्गले फिर्ता गर्न सकिने उपायका सम्बन्धमा अध्ययन गरी सिफारिस गर्ने विषय दोस्रो बुँदामा उल्लेख गरिएको छ । सहमतिपछि काङ्गेस सहमतिमा आउन सकेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बजेटमा गण्डकी : पर्यटनको आर्थिक हबदेखि गण्डकी आर्थिक त्रिभुज परियोजनासम्म

**रासस**
गण्डकी, १५ जेठ

सरकारले गण्डकी प्रदेशलाई पर्यटनको आर्थिक 'हब' बनाउने घोषणा गरेको छ ।

अर्थमन्त्री वर्षमान पुनद्वारा आज सङ्घीय संसद्का दुवै सदनको बैठकमा प्रस्तुत गर्नुभएको आगामी आव २०८१/८२ को बजेट वक्तव्यमा सातै प्रदेशलाई विशिष्टीकृत आर्थिक केन्द्रका रुपमा विकास गर्ने योजनाअन्तर्गत गण्डकीलाई पर्यटन प्रदेशका रुपमा पहिचान गरिएको बताउनुभएको छ । गण्डकी प्रदेशको राजधानी पोखरा, चितवनको भरतपुर र रुपन्देहीको बुटवलाई जोडेर गण्डकी आर्थिक त्रिभुज परियोजना सञ्चालन गर्ने घोषणा गरिएको छ । एकीकृत विकासको अवधारणाअनुसार नमूना विकास अभियान सञ्चालन गर्न तीन सहरलाई जोडेर गण्डकी आर्थिक त्रिभुज परियोजना सञ्चालन गरिने बजेट वक्तव्यमा उल्लेख गरिएको छ । यस परियोजनाअन्तर्गत निजी क्षेत्रसँगको साझेदारीमा औद्यागिक 'इकोसिस्टम' निर्माण गरी औद्योगिक पुनरुत्थान र गुणस्तरीय रोजगारी सिर्जना गरिने भनिएको छ । निर्माणाधिन पोखरा-मुग्लिन सडकखण्डको विस्तार तथा स्तरोन्नति आगामी वर्ष सम्पन्न गरिने जनाइएको छ । बुटवल-पोखरा सडकलाई 'डेडिकेटेड' दुई लेनमा विस्तार गरिनेछ । गण्डकी आर्थिक त्रिभुज परियोजनाका तीनवटै करिडोरमा औद्योगिक विकासका लागि आवश्यक यातायात सञ्जाल विकास गरिनेछ। ज स अ न्त ग र्त मुग्लिन-पोखरा खण्डलाई कृषि तथा खाद्य प्रशोधन उद्योगको केन्द्र र पोखरा-बुटवल खण्डलाई विद्युतीय उपकरण, जुत्ता, लत्ताकपडा, कार्पेट तथा घरासयी प्रयोगका वस्तु तथा सेवासम्बन्धी उद्योगको केन्द्रका रुपमा विकास गरिनेछ।परियोजनाअन्तर्गतपोखरामा साहसिक मनोविनोद पर्यापर्यटन सेवा तथा अनुसन्धानमूलक संस्था विकासका लागि निजी क्षेत्रसँगको सहकार्यमा आवश्यक पूर्वाधार निर्माण गरिने भएको छ ।

पोखरा पर्यटन राजधानी घोषण भइसकेका अवस्थामा सरकारले गण्डकी प्रदेशलाई पर्यटनको आर्थिक हब बनाउने घोषणालाई महत्वका साथ हेरिएको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो । पोखरासहित समग्र गण्डकी प्रदेश पर्यटकीय रुपमा सम्भावनाको क्षेत्र भएकाले उहाँले यहाँको पर्यटन प्रवर्द्धन र विकासमा सरकारसँग निजी क्षेत्र सहकार्य गर्न तयार भएको बताउनुभयो । आगामी आर्थिक वर्षदेखि बुढीगण्डकी जलविद्युत आयोजनाको निर्माण सुरु गरिने जनाइएको छ । राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको जलाशययुक्त बुढीगण्डकी जलविद्युत् आयोजना सरकारले आफ्नै लगानीमा बनाउने घोषणा यस अघि नै गरेको थियो । गोरखा र धादिङको सीमानामा पर्ने बुढीगण्डकी नदीमा बन्ने एक हजार दुई सय मेगावाटको उक्त आयोजना वर्षौंदेखि अन्यौलमा रहँदै आएको थियो ।

गोरखामा ऐतिहासिक सङ्ग्राहालय निर्माणको घोषणा गरिएको छ । आदिकवि भानुभक्त आचार्यको जन्मस्थल तनहुँको चुँदी रम्घामा सबै नेपाली भाषाभाषीका मूर्धन्य श्रष्टाहरूको प्रतिमा र सप्तधामसहितको 'भानु साहित्य उद्यान' निर्माणलाई अगाडि बढाइने बजेटमा उल्लेख छ । म्याग्दी, मुस्ताङ, मनाङ र गोरखामा कस्तुरी र मृगपालनका लागि व्यावसायिक फार्म सञ्चालन गरिने भएको छ । मुस्ताङमा वायु गुणस्तर मापन केन्द्र स्थापना गरिने भएको छ । मुस्ताङको लोमान्थाङमा नयाँ नमुना बस्ती विकास गरी आर्थिक तथा पर्यटकीय केन्द्रका रुपमा विकास गरिने भएको छ । लोमान्थाङमा हिमाली सभ्यता अध्ययन केन्द्र निर्माणका लागि संरचना निर्माण गर्ने अर्थमन्त्री पुनद्वारा बजेट वक्तव्यमा उल्लेख गरिएको छ । बन्द अवस्थामा रहेको बागलुङ बलेवालगायतका विमानस्थलमा प्याराग्लाइडिङ, प्यारासुटलगायत साहसिक खेल सञ्चालन गरिने योजना छ ।

कास्की र पर्वतको सीमा भएर बग्ने मोदी खोलामा ४२ मेगावाटको मोदी 'ए' जलविद्युत् आयोजनाको निर्माण सुरु गरिने बजेट वक्तव्यमा भनिएको छ । मध्यपहाडी लोकमार्ग क्षेत्रमा होटल व्यवसाय सञ्चालनका लागि जग्गा भाडामा दिने प्रबन्ध गरिने उल्लेख गर्दै बजेट वक्तव्यमा गण्डकी र लुम्बिनी प्रदेशमा पर्ने गुरिल्ला ट्रेकमा पर्यटकीय पूर्वाधारको विकास गरिने भनिएको छ । गोरखा, बन्दीपुरलगायत ऐतिहासिक स्थलको इतिहास, संस्कृति, भाषा र सभ्यताको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिने लक्ष्य रहेको छ ।

पोखरामा मेडिकल कलेज स्थापना कार्य अगाडि बढाउने र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई पाँच सय शय्यामा स्तरोन्नति गरिने भनिएको छ । प्रतिष्ठानमा आगामी आर्थिक वर्षदेखि एमबिबिएस सञ्चालन गर्न आवश्यक बजेट विनीयोजन गरिएको मन्त्री पुनले जानकारी दिनुभएको छ । गण्डकीका अधिकांश जिल्ला समेट्ने मध्यपहाडी लोकमार्गलाई समृद्धि कोरिडोरका रुपमा विकास गर्न विद्युत्, सञ्चार, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानीलगायत पूर्वाधार विकास गरी उत्पादकत्व, उद्यमशीलता र रोजगारी सिर्जना गरिने उल्लेख गरिएको छ ।

रणनीतिक महत्वको सालझण्डी-ढोरपाटन सडक र पोखरा-मुग्लिन सडक निर्माण र स्तरोन्नति कार्यलाई निरन्तरता दिइनुका साथै कालीगण्डकी करिडोरलाई बाह्रैमास यातायात सञ्चालन हुने गरि निर्माणलाई तीव्रता दिइने उल्लेख छ । प्रदेश राजधानी पोखराका सङ्घीय अस्पताल र स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई पाँच सय शैय्यामा स्तरोन्नति गरि विस्तार गरिने सरकारले बजेटमा उल्लेख छ । गण्डकी प्रदेशलगायत देशका उच्च हिमाली भेगका हिमश्रृङ्खला र नदी प्रणालीलाई जीवन्त राख्दै हिमाल, पहाड र तराई क्षेत्रमा जलवायु परिवर्तनबाट परेका असरलाई एकीकृत र सन्तुलित रुपमा सम्बोधन गर्न 'राष्ट्रपति जलवायु परिवर्तन व्यवस्थापन कार्यक्रम' गरिने जनाइएको छ । हिमाली क्षेत्रमा भेडाबाख्रा, च्याङ्ग्रा, चौँरीलगायत पशुपालन एवं स्याउ, ओखरजस्ता फलफूल र जडीबुटीका ठूला फार्म सञ्चालन गर्न 'हिमाल समृद्ध कार्यक्रम' सञ्चालन गरिने जनाइएको छ । नवलपुर सदरमुकाममा प्रशासनिक केन्द्र निर्माणका लागि बजेट विनियोजन गरिएको छ ।

सरकारले कृषि, पर्यटन जस्ता क्षेत्रलाई उद्योगका रुपमा पहिचान गर्न अपरिहार्य भएको लेखनाथ उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष छत्रधर आत्रेय बताउनुभयो । निजी क्षेत्रले गर्ने उत्पादनलाई राज्यले सम्मान गर्नुपर्ने उल्लेख गर्दै उहाँले उत्पादित बस्तुको बजारीकरणको विषयलाई व्यावहारिक रुपमा कार्यान्वयनमा ल्याउनु जरुरी रहेको धारणा राख्नुभयो ।

निजी क्षेत्रसँगको सहकार्यमा नेपाल-भारत सीमा नाकाबाट मुक्तिनाथ दर्शन यातायात सेवा सञ्चालन गरी तीर्थयात्रीलाई सहज रुपमा धार्मिक स्थलको दर्शन गर्ने व्यवस्था मिलाइने बजेटमा भनिएको छ । सरकारले परिकल्पना गरेको गण्डकी आर्थिक त्रिभुज परियोजना व्यवहारिक रुपमा कार्यान्वयन गर्ने हो भने त्यसबाट आशा गर्न सक्ने विषय धेरै भएको नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रीय अध्यक्ष आनन्दराज मुल्मी बताउनुहुन्छ ।

यो परियोजनाको सफलताका लागि निर्माणाधिन मुग्लिन पोखरा सडकलाई चाँडो सम्पन्न गर्नुपर्ने र बुटबल पोखरा सडकखण्डको सडक निर्माणको स्तरोन्नति चाँडो गर्नुपर्ने उहाँको भनाइ छ । योसँगै यहाँको पर्यटन प्रवर्द्धनलाई अघि बढाउन सकिने उहाँको भनाई छ । परियोजनाअन्तर्गत मुग्लिन-पोखरा खण्डलाई कृषि तथा खाद्य प्रशोधन केन्द्रको विषयलाई राम्रोसँग अघि बढाउन सकेमा त्यसले विशेष महत्व राख्ने बताउँदै उहाँले भन्नुभयो, "हामीले यस अघि पनि पालुङटारदेखि खोप्लाङसम्मको क्षेत्रलाई कृषि औद्योगिक करिडोरका रुपमा विकास गर्नुपर्छ जसबाट हामीले निर्यात योग्य वस्तु उत्पादन गर्न सक्छौं भन्दै आएका थियौं ।"


नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

मालपोत कार्यालय, कास्की

**मालपोत कार्यालय कास्कीबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८१/०२/१४

निम्न व्यक्तिको निम्न विवरणका जग्गा दर्ता माग गरी यस कार्यालयमा निवेदन पेश गरेका र निवेदनको माग अनुसारको जग्गा निजका नाउँमा दर्ता गर्न नमिल्ने भए वा सो जग्गामा अरु कसैको हक लाग्ने भए सबुत प्रमाण सहित उजुरी गर्न आउन सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्याद भित्र कसैको उजुरी नपरेमा तपसिल बमोजिमको जग्गा कानुन बमोजिम हुने व्यहोरा अवगत गराईन्छ ।

तपशिल

| निवेदकको नाम थर वतन | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| ध्रुव गुरुङ पोखरा-११, कास्की | काहुँ | ६ | ९४ | ५४-८-०-१/२ मध्ये ६-०-०-० | दोयम | फिल्डबुकमा पर्ति जनिएको |


# छात्रातर्फ सिद्ध र अमरसिंह माविफाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ जेठ



पोखरा क्रिकेट एकेडेमीको आयोजनामा जारी कास्की जिल्ला स्तरीय तेस्रो ब्रेकिङ बाउन्ड्रीज अन्तर मावि छात्र छात्रा टी-ट्वान्टी क्रिकेट प्रतियोगिता अन्तर्गत छात्रातर्फ सिद्ध मावि र अमरसिंह मावि फाइनलमा प्रवेश गरेका छन् ।

पोखरा रंगशालामा मंगलबार भएको खेलमा सिद्धले त्रिभुवन शान्तिलाई तथा अमरसिंहले बाराही मावि‌लाई पराजित गर्दै अन्तिम दुईमा स्थान सुरक्षित बनाएका हुन् ।

प्रतियोगिताको पहिलो सेमिफाइलनमा अम्मरसिंहले बाराहीलाई ९ विकेटले पराजित गरेको थियो । पहिला व्याटिङ गरेको बाराहीले १२ ओभरमा सम्पूर्ण विकेट गुमाएर ५९ रन बनाएको थियो । प्रत्युत्तरमा अम्मरसिंहले ९.३ ओभरमा १ विकेटको क्षतिमा जित निकाल्यो । खेलमा ३ विकेट लिएकी अम्मरसिंहका चन्द्रमाया प्लेयर अफ द म्याच भइन् । दोस्रो सेमिफाइनल खेलमा सिद्धले त्रिभुवन शान्तिमाथि ५१ रनको फराकिलो जित निकालेको थियो । टस जितेर ब्याटिङ रोजेको सिद्धले १५ ओभर खेल्दै २ विकेटको क्षतिमा १०० रन बनाएको थियो । त्रिभुवनको पारी १०.३ ओभरमा ४९ रनमै समेटियो । खेलमा सिद्धकी रचना चौधरीले ५ विकेट लिँदै प्लेयर अफ द म्याच बन्न सफल भइन् ।

बुधबार छात्रतर्फ जनप्रिय र नवप्रभात बिच पहिलो सेमीफाइनल तथा कालिका र त्रिभुवन शान्ति मावि बिच दोस्रो सेमिफाइनल खेल हुने आयोजक समितिका अध्यक्ष बविन कुँवरले जानकारी दिए ।

# बजेट उत्साहित हुने खालको छैन : कांग्रेस

**रासस**
काठमाडौं, १५ जेठ

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सरकारद्वारा आगामी आर्थिक वर्ष २०८१/०८२ ला लागि प्रस्तुत बजेट आमजनता उत्साहित हुने खालको नरहेको प्रतिक्रिया दिएको छ ।

प्रस्तुत बजेटबारे प्रारम्भिक प्रतिक्रिया दिँदै कांग्रेस प्रवक्ता एवं पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले यो बजेटले जे कुरा बोलेको छ, त्यो पूरा हुँदैन भन्नुभयो।उहाँलेबजेटमासम्बोधन गर्नुपर्ने विषय प्राथमिकीकरण नभएको तथा बजेटमा लामो समयदेखिको विकृतिलाई अन्त्य गर्ने कार्यायोजना पनि नरहेको बताउनुभयो ।

सरकारले आगामी आवका लागि कूल खर्च रु १८ अर्ब ६० अर्ब ३० करोड विनियोजन गरेको छ । कूल विनियोजनमध्ये चालुतर्फ रु ११ खर्ब ४० अर्ब ६६ करोड र पुँजीगततर्फ रु तीन खर्ब ५२ अर्ब ३५ करोड तथा वित्तीयतर्फ रु तीन खर्ब ६७ अर्ब १८ करोड रहेको अर्थमन्त्री वर्षमान पुनले प्रस्तुत बजेटमा उल्लेख छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ को बेलचौतारा टोलको बाटो ढलान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः बेलचौतारा टोलको बाटो ढलान

ठेगानाः पोखरा-१४

योजना सम्झौता मितिः २०८०/११/२४ गते

योजना सम्पन्न हुने मितिः २०८१/०१/२४ गते

योजनाको कुल लागतः रु. ८, १४,३१७/७०

महानगरपालिकाबाटः रु. ५,००,०००/-

उपभोक्ता समितिबाटः रु. ३,१४,३१७/७०

अध्यक्षः बयन बहादुर कार्की सम्पर्क नं.: ९८०६५६४६२३

निर्माण समिति सदस्य संख्याः ५

महिलाः २, पुरुषः ३

**बेलचौतारा टोलको बाटो ढलान उपभोक्ता समिति पोखरा-१४**

